नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुरको

## विज्ञप्ती

राष्ट्रिय परीक्षा बोर्डद्वारा २०७८ साउन ३१ गतेबाट सञ्चालन हुने गरी तय गरिएको कक्षा १२ को वार्षिक परीक्षा देशभर फैलिएको कोभिड-१९ संक्रमणको कारण स्थगित गरिएको व्यहोरा अवगतै छ । उक्त स्थगित परीक्षा सञ्चालन गर्नुपूर्व परीक्षामा सहभागी हुने १८ वर्ष वा सोभन्दा बढी उमेर भएका विद्यार्थीहरूलाई कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्थाका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वास्थ्य सेवा विभाग मार्फत सबै स्वास्थ्य निर्देशनालय र ७७ वटै जिल्लाका स्वास्थ्य कार्यालयहरूलाई परिपत्रसमेत भईसकेको हुँदा जिल्ला खोप समन्वय तथा अनुगमन समिति एवम् सम्बन्धित स्वास्थ्य निकायहरूले तोकेको खोप केन्द्रहरूमा प्रवेशपत्र सहित उपस्थित भई कोभिड-१९ विरुद्धको खोप लगाउनुहुन सम्पूर्ण विद्यार्थीहरूमा राष्ट्रिय परीक्षा बोर्ड हार्दिक अपिल गर्दछ । साथै विद्यालयका प्रधानाध्यापक, सम्बन्धित विद्यार्थीका अभिभावक एवम् सम्पूर्ण सरोकारवाला महानुभावहरूले विद्यार्थीहरूलाई खोप लगाउने कार्यमा सरिक हुन लगाई सहयोग गरिदिनुहुन समेत हार्दिक अनुरोध छ ।

२०७८/०५/१०